आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको

तेस्रो त्रैमासिक समीक्षा

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

विषय-सूची

पृष्ठभूमि १

आर्थिक लक्ष्यहरूको स्थिति २

वित्तीय क्षेत्र स्थिति ३

मौद्रिक लक्ष्यहरूको स्थिति ४

तरलता व्यवस्थापन ४

ब्याजदर ५

कर्जा तथा वित्तीय क्षेत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन स्थिति ६

लघुवित्त ८

भुक्तानी प्रणाली ९

विदेशी विनिमय व्यवस्थापन ९

अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य १०

आर्थिक तथा मौद्रिक परिदृश्य ११०

मौद्रिक नीतिको कार्यदिशा १२

मौद्रिक तथा वित्तीय उपायहरू १२

आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा

पृष्ठभूमि

१. कोभिड-१९ महामारीबाट सिर्जित स्वास्थ्य संकट एवम् आर्थिक असहजताका बीच आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीति २०७७ साउन २ गते सार्वजनिक गरिएको थियो । समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै आर्थिक पुनरुत्थानमा महत्वपूर्ण सहयोग पुऱ्याउने उद्देश्य रहेको उक्त मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षा २०७७ मंसिर १८ गते र अर्द्ध-वार्षिक समीक्षा २०७७ फागुन २ गते सार्वजनिक गरिएको थियो ।

२. कोभिड-१९ को पहिलो लहरको संक्रमण कम हुँदै गएकोले बन्दाबन्दी क्रमशः खुकुलो गर्दै पूर्ण रुपले हटाइएकोले अधिकांश आर्थिक गतिविधिहरु चलायमान हुन थालेका थिए । यसै परिप्रेक्ष्यलाई मध्यनजर राखेर केन्द्रीय तथ्याङ्क विभागले चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर ४ प्रतिशत रहने अनुमान गरेको छ । तर, कोभिड-१९ महामारीको कारण शिथिल भएको अर्थतन्त्र पूर्ण रुपमा पुनरुत्थान हुन नपाउँदै यसको दोस्रो लहरले अर्थतन्त्र प्रभावित हुन गई अनुमानित आर्थिक वृद्धि हासिल गर्न समेत कठिन हुने देखिएको छ ।

३. चालु आर्थिक वर्षको ९ महिनासम्ममा मुद्रास्फीति नियन्त्रित छ भने शोधनान्तर स्थिति बचतमा रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाह बढ्नुको साथै कर्जाको ब्याजदरमा अपेक्षित रुपमा कमी आएको छ । पुनरकर्जा तथा सहुलियतपूर्ण कर्जाको उपयोग बढेको छ । वित्तीय पहुँच बढ्नुको साथै विद्युतीय भुक्तानी कारोवार उल्लेख्य विस्तार भएको छ । पूँजी बजारमा नेप्से सूचकाङ्क र बजार पूँजीकरण दुबै उल्लेख्य रुपमा बढेको छ ।

४. विकसित देशहरु लगायत धेरै देशहरुमा कोभिड-१९ विरुद्ध खोप लगाउन शुरु भएको र आर्थिक पुनरुत्थानको लागि खुकुलो वित्त एवम् मौद्रिक नीति अवलम्बन गरेका कारण विश्व अर्थतन्त्र पुनरुत्थान तर्फ अघि बढेको छ । फलस्वरुप, सन् २०२० मा ३.३ प्रतिशतले संकुचनमा गएको विश्व अर्थतन्त्र सन् २०२१ मा ६ प्रतिशतसम्मले विस्तार हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ । विश्व अर्थतन्त्रको बिस्तारसँगै समग्र माग पक्षमा आएको सुधारले मुद्रास्फीतिमा भने सामान्य चाप पर्ने अनुमान रहेको छ ।

५. चालु आर्थिक वर्षको नौ महिनासम्मको आर्थिक तथा वित्तीय स्थिति, मौद्रिक नीतिमा उल्लिखित नीति तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्था, नेपाल सरकारको चालु आर्थिक वर्षको बजेट र कोभिड–१९ बाट सिर्जित राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय आर्थिक स्थिति तथा परिदृश्य समेतलाई ध्यानमा राखी मौद्रिक नीतिको यो समीक्षा प्रतिवेदन तयार पारिएको छ ।

आर्थिक लक्ष्यहरूको स्थिति

६. आर्थिक वर्ष २०७६/७७ मा नेपालको अर्थतन्त्र २.१ प्रतिशतले संकुचन भएकोमा चालु आर्थिक वर्ष ४.० प्रतिशतले विस्तार हुने केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान रहेको छ।

७. कोभिड-१९ ले अर्थतन्त्रमा पारेको असरसम्बन्धी यस बैंकले २०७८ वैशाख महिनाको ५ देखि १४ गतेसम्म सम्पन्न गरेको सर्वेक्षण अनुसार २०७७ असारको तुलनामा आर्थिक गतिविधिमा उल्लेख्य सुधार आएको देखिएको छ (तालिका १)। २०७७ असारमा गरिएको सर्वेक्षणले ४.१ प्रतिशत उद्योग/व्यवसाय मात्र पूर्ण सञ्चालनमा रहेको देखाएकोमा २०७७ मंसिर तथा तथा २०७८ वैशाखमा गरिएको पुनरावृत्ति सर्वेक्षणले क्रमशः ५४ प्रतिशत तथा ८१.२ प्रतिशत उद्योग/व्यवसाय पूर्ण रूपमा सञ्चालनमा रहेको देखाएको छ। यद्यपि कोभिडको दोस्रो लहरको संक्रमणसँगै व्यापार/व्यवसायहरु पुनः प्रभावित भएका छन्।

तालिका १: कोभिड-१९ ले उद्योग/व्यवसायमा पारेको प्रभाव

विवरण	२०७७ असार (प्रतिशत)	२०७७ मंसिर (प्रतिशत)	२०७८ बैशाख (५ देखि १४ गते (प्रतिशत)
सञ्चालन हुन नसकेका उद्योग/व्यवसाय	६१.०३	९.१	४.२
पूर्ण रूपमा सञ्चालन भएका उद्योग/व्यवसाय	४.१	५४	८१.२
आंशिक सञ्चालन भएका उद्योग/व्यवसाय	३४.९२	३६.९८	१४.६
उत्पादन/कारोबार स्थिति (कोभिडपूर्वको तुलनामा)	२८.७७	५०.५१	६१.४
रोजगारी अवस्था (कोभिडपूर्वको तुलनामा)	७७.५	८७.५१	९३.८

स्रोतः पुनरावृत्ति (Follow-Up) सर्वेक्षण २०७८, नेपाल राष्ट्र बैंक

८. आर्थिक वर्ष २०७७/७८ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य रहेकोमा नौ महिनाको औसत उपभोक्ता मुद्रास्फीति ३.४६ प्रतिशत रहेको छ। वार्षिक विन्दुगत आधारमा २०७७ चैतमा उपभोक्ता मुद्रास्फीति ३.१० प्रतिशत रहेको छ (तालिका २)।

तालिका २: मुद्रास्फीति

विवरण	९ महिनाको औसत		वार्षिक बिन्दुगत	
	२०७६/७७	२०७७/७८	२०७६ चैत	२०७७ चैत
समग्र	**६.५३**	**३.४६**	**६.७४**	**३.१०**
खाद्य	८.७०	४.८१	९.६८	३.४९
गैर-खाद्य	४.८७	२.४१	४.४८	२.७९

९. समीक्षा अवधिमा निर्यात २०.२ प्रतिशतले वृद्धि भई रु. ९४ अर्ब ७७ करोड र आयात १३.१ प्रतिशतले वृद्धि भई रु.१११९ अर्ब ४० करोड भएको छ। फलस्वरूप, व्यापार घाटा १२.५ प्रतिशतले विस्तार भई १०१६ अर्ब ६३ करोड पुगेको छ। यस अवधिमा चालु खाता घाटामा उल्लेख्य विस्तार भई रु. २०७ अर्ब ४१ करोड पुगेको छ।

१०. समीक्षा अवधिमा शोधनान्तर रु.४२ अर्ब ५४ करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी

विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०७७ चैत मसान्तमा १०.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति रहेको छ ।

११. २०७७ असार मसान्तको तुलनामा २०७७ चैत मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ०.५ प्रतिशतले अधिमूल्यन भई प्रति अमेरिकी डलर खरिद विनिमय दर रु. ११९.८० कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १०.२ प्रतिशतले अवमूल्यन भएको थियो ।

१२. नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालयका अनुसार २०७८ जेठ ३ गतेसम्म संघीय सरकारको कुल खर्च रु. ८३० अर्ब ३४ करोड र राजस्व संकलन रु. ७६४ अर्ब ३८ करोड रहेको छ । समीक्षा अवधिसम्म नेपाल सरकारले रु. ११२.५ अर्ब बराबरको आन्तरिक ऋण उठाएको छ ।

वित्तीय क्षेत्रको स्थिति

१३. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप रु. ५२४ अर्ब ६३ करोड (१३.७ प्रतिशत) ले तथा निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा रु. ७१५ अर्ब ३२ करोड (२१.८ प्रतिशत) ले विस्तार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप रु. ३१२ अर्ब ५५ करोड (९.७ प्रतिशत) ले तथा कर्जा रु. ३७० अर्ब ९ करोड (१२.७ प्रतिशत) ले विस्तार भएको थियो ।

१४. बैंक तथा वित्तीय संस्था (लघुवित्त वित्तीय संस्था समेत) को चुक्ता पूँजी २०७७ असार मसान्तमा रु. ३५२ अर्ब ३७ करोड रहेकोमा २०७७ चैत मसान्तमा १०.७ प्रतिशतले बढेर रु. ३९० अर्ब १५ करोड पुगेको छ । यस अवधिमा पुँजी कोष रु. ५२१ अर्ब ७० करोडबाट १३.८ प्रतिशतले वृद्धि भई रु. ५९३ अर्ब ७६ करोड पुगेको छ ।

१५. २०७७ चैतमा वाणिज्य बैंकहरूको पूँजी कोष पर्याप्तता अनुपात १३.५२ प्रतिशत, विकास बैंकहरूको १३.१७ प्रतिशत र वित्त कम्पनीहरूको २१.०९ प्रतिशत रहेको छ । २०७७ असारमा यी अनुपातहरू क्रमशः १४.०१ प्रतिशत, १४.४२ प्रतिशत र १९.५९ प्रतिशत रहेका थिए ।

१६. बैंक तथा वित्तीय संस्थाका शाखा विस्तारसँगै वित्तीय पहुँच बढेको छ । बैंक तथा वित्तीय संस्थाको शाखा संख्या २०७७ असार मसान्तमा ९,७६५ रहेकोमा २०७७ चैत मसान्तमा १०,५४६ पुगेको छ । उक्त अवधिमा प्रति बैंक शाखा जनसंख्या ३,०७२ बाट घटेर २,८८१ कायम भएको छ । बैंक तथा वित्तीय संस्थामा खोलिएका निक्षेप खाता संख्यामा वृद्धि भएर ३ करोड ६३ लाख तथा मोवाइल बैंकिङ्ग प्रयोगकर्ताको संख्या १ करोड ३६ लाख पुगेको छ ।

१७. २०७७ चैतसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकहरूको कम्तिमा एक शाखा पुगेको छ । २०७६ चैत्रसम्म यस्तो संख्या ७४५ रहेको थियो ।

१८. २०७७ असार मसान्तमा १३६२.४ रहेको नेप्से सूचकाङ्क २०७८ जेठ ३ गते २७५९.२२ पुगेको छ । त्यसैगरी, २०७७ असार मसान्तमा बजार पुँजीकरण रु. १७९२ अर्ब ७६ करोड रहेकोमा २०७८ जेठ ३ गते रु. ३८२८ अर्ब ८० करोड पुगेको छ ।

मौद्रिक लक्ष्यहरूको स्थिति

१९. आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिमा विस्तृत मुद्रा प्रदायको वार्षिक वृद्धिदर १८ प्रतिशत कायम गर्ने लक्ष्य राखिएकोमा वार्षिक विन्दुगत आधारमा २०७७ चैत मसान्तमा यस्तो वृद्धिदर २३.९ प्रतिशत रहेको छ ।

तालिका ३: मौद्रिक लक्ष्यहरूको स्थिति

(प्रतिशत)

वृद्धिदर	वार्षिक बिन्दुगत	
	आ.व. २०७७/७८ (प्रक्षेपित)	२०७७ चैत मसान्त (यथार्थ)
विस्तृत मुद्राप्रदाय	१८.०	२३.९
निजी क्षेत्रमाथिको दावी	२०.०	२१.७

२०. आर्थिक वर्ष २०७७/७८ मा निजी क्षेत्रमाथिको दाबी २० प्रतिशतले बढ्ने प्रक्षेपण रहेकोमा वार्षिक विन्दुगत आधारमा २०७७ चैत मसान्तमा यस्तो वृद्धिदर २१.७ प्रतिशत रहेको छ ।

तरलता व्यवस्थापन

तरलता प्रशोचन तथा प्रवाह

२१. समीक्षा अवधिमा खुला बजार कारोबारमार्फत् तरलता प्रवाहको तुलनामा तरलता प्रशोचन बढी गरिएको छ । सोअनुसार २०७७ चैत मसान्तसम्ममा रिभर्स रिपोमार्फत् रु. १०९ अर्ब ५४ करोड र निक्षेप संकलन बोलकबोलमार्फत् रु. १९३ अर्ब ७५ करोड गरी कुल रु. ३०३ अर्ब २९ करोड तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपोमार्फत् रु. २८ अर्ब र निक्षेप संकलनमार्फत् रु. ३० अर्ब गरी कुल रु. ५८ अर्ब तरलता प्रशोचन गरिएको थियो ।

२२. समीक्षा अवधिमा खुला बजार कारोबारमार्फत् कुल रु. १ अर्ब २ करोड र स्थायी तरलता सुविधामार्फत् रु. ७ अर्ब १२ करोड गरी कुल रु. ८ अर्ब १४ करोड तरलता प्रवाह गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा खुला बजार कारोबारमार्फत् कुल रु. ११३ अर्ब ९९ करोड र स्थायी तरलता सुविधामार्फत् रु. ७३ अर्ब ६ करोड गरी कुल रु. १८७ अर्ब ४ करोड तरलता प्रवाह गरिएको थियो (तालिका ४) ।

२३. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब ७५ करोड खुद खरीद गरी रु. ३२४ अर्ब ८४ करोड खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब ६६ करोड खुद खरीद गरी रु. ३०५ अर्ब २३ करोड तरलता प्रवाह गरिएको थियो ।

तालिका ४: तरलता व्यवस्थापन

(रु. अर्बमा)

विवरण	नौ महिना	
	२०७६/७७	२०७७/७८
(क) तरलता प्रवाह	**१८७.०५**	**८.१४**
रिपो	१०८.५५	१.०२
सोझै खरीद बोलकबोल	-	-
रिपो बोलकबोल*	५.४४	-
स्थायी तरलता सुविधा	७३.०६	७.१२
(ख) तरलता प्रशोचन	**५८.००**	**३०३.२९**
रिभर्स रिपो	२८.००	१०९.५४
सोझै बिक्री बोलकबोल	-	-
निक्षेप संकलन बोलकबोल	३०.००	१९३.७५
निक्षेप संकलन बोलकबोल*	-	-
(ग) खुद प्रवाह (क-ख)	**१२९.०५**	**(२९५.१५)**

* ब्याजदर करिडोर अन्तर्गत भएको कारोवार ।

भारतीय मुद्रा खरिद

२४. समीक्षा अवधिमा अमेरिकी डलर ३ अर्ब ४४ करोड बिक्री गरी रु. ४०४ अर्ब ७० करोड बराबरको भारतीय रुपैया खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ३ अर्ब ६ करोड बिक्री गरी कुल रु. ३५० अर्ब ९ करोड बराबरको भारतीय रुपैया खरिद गरिएको थियो ।

अन्तर-बैंक कारोबार

२५. आर्थिक वर्ष २०७७/७८ को नौ महिनासम्ममा वाणिज्य बैंकहरुले रु. ८७५ अर्ब ५० करोड र अन्य वित्तीय संस्थाहरुले रु. १५९ अर्ब ४२ करोड गरी कुल रु. १०३४ अर्ब ९२ करोडको अन्तरबैंक कारोबार गरेका छन । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरुले क्रमशः रु. १२६२ अर्ब २७ करोड र रु. ११६ अर्ब ५३ करोड गरी कुल रु. १३७८ अर्ब ८० करोडको यस्तो कारोबार गरेका थिए ।

ब्याजदर

२६. २०७६ चैतमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर २.१३ प्रतिशत रहेकोमा २०७७ चैतमा २.७६ प्रतिशत कायम भएको छ । त्यसैगरी, वाणिज्य बैंकहरूबीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०७६ चैतमा २.१३ प्रतिशत रहेकोमा २०७७ चैतमा २.०३ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरू बीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०७६ चैतको ३.५२ प्रतिशतको तुलनामा २०७७ चैतमा १.९२ प्रतिशत कायम भएको छ (तालिका ५)।

२७. मौद्रिक नीतिको संचालन लक्ष्यको रूपमा लिइने बैंक तथा वित्तीय संस्थाहरूको औसत अन्तर-बैंक दर २०७७ चैतमा २.०३ प्रतिशत कायम भएको छ ।

२८. २०७७ चैतमा वाणिज्य बैंकहरुको निक्षेपको औसत ब्याजदर ४.७९ प्रतिशत र कर्जाको औसत ब्याजदर ८.६१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यी दरहरु क्रमश: ६.७४ प्रतिशत र ११.७७ प्रतिशत रहेका थिए । त्यसैगरी, वाणिज्य बैंकहरुको आधार दर २०७६ चैतमा ९.३६ प्रतिशत रहेकोमा २०७७ चैतमा ६.९० प्रतिशत कायम भएको छ ।

तालिका ५ : भारित औसत ब्याजदर *(प्रतिशतमा)*

विवरण	असार		चैत	
	२०७६	२०७७	२०७६	२०७७
९१-दिने ट्रेजरी बिलको औसत ब्याजदर	४.९७	१.२७	२.१३	२.७६
वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक दर	४.५२	०.३५	२.१३	२.०३
अन्य वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक दर	६.२४	१.०१	३.५२	१.९२
वणिज्य बैंकहरुको कर्जाको औसत ब्याजदर	१२.१३	१०.११	११.७७	८.६१
वाणिज्य बैंकहरुको निक्षेपको औसत ब्याजदर	६.६०	६.०१	६.७४	४.७९
वणिज्य बैंकहरुको आधार दर	९.५७	८.५०	९.३६	६.९०

कर्जा तथा वित्तीय क्षेत्रसम्बन्धी व्यवस्थाको कार्यान्वयन स्थिति

कृषि तथा उर्जा

२९. वाणिज्य बैंकले कुल कर्जा लगानीको २०७८ असार मसान्तसम्म न्यूनतम ११ प्रतिशत, २०७९ असार मसान्तसम्म १३ प्रतिशत र २०८० असार मसान्तसम्म १५ प्रतिशत कृषि क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएकोमा २०७७ चैत मसान्तमा उक्त क्षेत्रमा १२.६३ प्रतिशत कर्जा प्रवाह भएको छ ।

३०. वाणिज्य बैंकहरूले कुल कर्जा लगानीको २०७८ असार मसान्तसम्म न्यूनतम ६ प्रतिशत, २०७९ असार मसान्तसम्म ७ प्रतिशत, २०८० असार मसान्तसम्म ९ प्रतिशत र २०८१ असार मसान्तसम्म १० प्रतिशत ऊर्जा क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएकोमा २०७७ चैत मसान्तमा उक्त क्षेत्रमा ५.९७ प्रतिशत कर्जा प्रवाह भएको छ ।

लघु, साना एवम् मझौला उद्यम कर्जा

३१. वाणिज्य बैंकहरुले लघु, साना एवम् मझौला उद्यमका क्षेत्रमा रु. १ करोडभन्दा कम रकमका कर्जाहरु आफ्नो कुल कर्जा लगानीको २०७८ असार मसान्तसम्म न्यूनतम ११ प्रतिशत, २०७९ असार मसान्तसम्म १२ प्रतिशत, २०८० असार मसान्तसम्म १४ प्रतिशत र २०८१ असार मसान्तसम्म १५ प्रतिशत प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०७७ चैत मसान्तमा कुल कर्जा सापटको ९.२२ प्रतिशत कर्जा उक्त क्षेत्रमा प्रवाह गरेका छन् ।

सहुलियतपूर्ण कर्जा

३२. उद्यमशीलता विकास, उत्पादन अभिवृद्धि र रोजगारी सिर्जना गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको सहुलियतपूर्ण कर्जा कार्यक्रमबाट २०७७ चैत मसान्तसम्ममा ८९ हजार ८ सय ७९ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.१४२ अर्ब २ करोड कर्जा लगानीमा रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ४२ हजार ४ सय ४७ ऋणीलाई प्रवाह भएको रु.९६ अर्ब ६० करोड कर्जा रहेको छ भने महिला उद्यमशील कर्जा अन्तर्गत ४५ हजार १ सय २८ महिला उद्यमीलाई प्रवाह भएको रु. ४२ अर्ब १६ करोड कर्जा रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ३ सय ४ ऋणीको रु.३ अर्ब २६ करोड कर्जा लगानीमा रहेको छ ।

पुनरकर्जा

३३. कोभिड-१९ ले प्रभावित पेशा, उद्योग र व्यवसायलाई संरक्षण गर्नुको साथै कृषि र साना तथा मझौला र घरेलु व्यवसायलाई सहुलियत दिने उद्देश्यले पुनरकर्जा कार्यक्रम पुनरसंरचना गरी विस्तार गरिएको छ । २०७७ चैत मसान्तमा रु.१२३ अर्ब १४ करोड पुनरकर्जा लगानीमा रहेको छ ।

३४. पुनरकर्जा कार्यविधि, २०७७ बमोजिम २०७७ चैत मसान्तसम्ममा ग्राहक मूल्यांकनमा आधारित पुनरकर्जा ३१० ऋणीलाई रु. ४३ अर्ब १९ करोड र एकमुष्ठ प्रदान गरिने पुनरकर्जा ४८ हजार ५५० ऋणीलाई रु. ९२ अर्ब ३८ करोड स्वीकृत भएको छ । त्यसैगरी, लघुवित्त वित्तीय संस्थामार्फत एकमुष्ठ प्रदान गरिने पुनरकर्जा रु. १० अर्ब २३ करोड स्वीकृत भएको छ ।

कोभिड-१९ बाट अति प्रभावित पेशा/व्यवसाय सञ्चालन कर्जा

३५. "व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि व्यवस्था गरिएको कर्जा २०७७ चैत मसान्तसम्म ७ वाणिज्य बैंकबाट ३३ ऋणीलाई रु. ४२ करोड कर्जा प्रवाह भएको छ ।

वित्तीय सुदृढीकरण तथा स्रोत व्यवस्थापन

३६. बैंक तथा वित्तीय संस्थाले निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर बीचको अन्तर कुनै महिनामा तोकिए भन्दा बढी भएमा सोही त्रयमास भित्र सीमा भित्र ल्याइसक्नुपर्ने व्यवस्था गरिएको छ । ब्याजदर अन्तरको सीमा उल्लङ्घन गर्ने संस्थाको सञ्चालक समिति तथा प्रमुख कार्यकारी अधिकृतलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम कारवाही गरिनेछ ।

३७. वाणिज्य बैंकले कुल स्वदेशी निक्षेप दायित्वको १० प्रतिशत स्वदेशी मुद्रा कल निक्षेप स्वीकार गर्न पाउने व्यवस्था गरिएको छ । त्यसैगरी, विकास बैंक तथा वित्त कम्पनीहरुले कुल निक्षेप दायित्वको १५ प्रतिशत कल निक्षेप परिचालन गर्न पाउने व्यवस्था गरिएको छ ।

३८. कोभिड-१९ संक्रमणबाट अधिक प्रभावित भएको देखिएको होटल लगायतका पर्यटन व्यवसाय र पशुपंक्षी पालन व्यवसायलाई प्रदान गरिने पुनरकर्जामा थप सहजीकरण गरिएको छ ।

३९. कोभिड-१९ बाट प्रभावित ऋणीको ६ महिना भन्दा बढीको ब्याज बक्यौता नरहेको अवस्थामा धितो लिलामी तथा कालोसूचीमा समावेश गर्ने प्रक्रिया २०७८ असार मसान्तसम्मका लागि स्थगन गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

४०. पुनरकर्जा कार्यविधि, २०७७ मा संशोधन गरी दश मेगावाटभन्दा साना जलविद्युत् आयोजनाहरूलाई विशेष पुनरकर्जा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ ।

४१. दीर्घकालीन साधनको उपलब्धता सहज बनाउन कृषि ऋणपत्र (Agricultural Bond) र उर्जा ऋणपत्र (Energy Bond) जारी गर्नसक्ने व्यवस्था मिलाइएकोमा यस बैंकबाट हालसम्म रु. १८ अर्ब बराबरको कृषि ऋणपत्र र रु. १ अर्ब ५० करोड बराबरको उर्जा ऋणपत्र जारी गर्ने स्वीकृति प्रदान भएको छ ।

४२. वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि, २०७७ जारी गरी वित्तीय ग्राहक संरक्षण इकाइमार्फत् सबै प्रकारका गुनासा तथा सुझावहरुको सम्बोधन हुने व्यवस्था मिलाइएको छ । त्यसैगरी, वित्तीय ग्राहक संरक्षण पोर्टलमार्फत् बैंकिङ्ग सेवासँग सम्बन्धी जिज्ञासा, गुनासा तथा सुझाव एकद्वार प्रणाली मार्फत उपलब्ध हुने व्यवस्था गरिएको छ ।

४३. सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा आधारित कारोबारको जोखिम मापन तथा विश्लेषण प्रभावकारी बनाउन Money Laundering Monitoring Unit, BFI's Money Laundering Vulnerability Assessment Tool समावेश गरी AML/CFT Supervision Manual संशोधन गरिएको छ ।

लघुवित्त

४४. लघुवित्त वित्तीय संस्थाहरुले काठमाडौं उपत्यका बाहिरका महानगरपालिका र उपमहानगरपालिका बाहेकका स्थानमा २०७७ पुस मसान्त पश्चात दुई शाखा खोली सञ्चालनमा ल्याएमा काठमाडौं उपत्यकामा लघुवित्त वित्तीय संस्थाहरुको शाखा नभएको स्थानीय तहका वडामा एक शाखा खोल्न पाउने व्यवस्था गरिएको छ । साथै, काठमाडौं उपत्यका बाहिर खोलिएका दुई शाखामध्ये कम्तिमा एक शाखा गाउँपालिकामा खोलिएको हुनुपर्ने छ ।

४५. इजाजतपत्र प्राप्त 'क', 'ख', 'ग' र थोक कर्जा प्रवाह गर्ने 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरूले विपन्न वर्ग कर्जाको रूपमा लघुवित्त वित्तीय संस्थाहरूलाई प्रवाह गर्ने कर्जामा ०.५ प्रतिशत भन्दा बढी सेवा शुल्क लिन नपाइने व्यवस्था कार्यान्वयनमा आएको छ ।

४६. लघुवित्त वित्तीय संस्थाहरूले ग्राहकसँग लिने ब्याजदर अधिकतम १५ प्रतिशत कायम गर्नु पर्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

भुक्तानी प्रणाली

४७. नेपालभित्र हुने सबै प्रकारका विद्युत्तीय कारोवारको अभिलेख कायम गरी भुक्तानी प्रणाली सुदृढीकरण गर्न राष्ट्रिय भुक्तानी स्वीचको स्थापना गर्ने कार्य नेपाल क्लियरिङ हाउस लिमिटेड मार्फत अगाडि बढाइएको छ ।

४८. विद्युतीय भुक्तानीमा QR Code मार्फत हुने भुक्तानीलाई व्यवस्थित गर्न QR मार्गदर्शन जारी गरिएको छ ।

४९. बैंक तथा वित्तीय संस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट गर्ने खर्चको बढीमा ५ प्रतिशतसम्म विद्युतीय कारोबार प्रवर्द्धनमा खर्च गर्न सक्ने व्यवस्था गरिएको छ ।

५०. बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली संचालकहरूले विद्युतीय भुक्तानी सेवा प्रदान गरेवापत ग्राहकहरूबाट लिने सेवा शुल्क सम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिएको छ ।

विदेशी विनिमय व्यवस्थापन

५१. अनलाइनमार्फत् विदेशबाट वस्तु तथा सेवा खरीद वापतको भुक्तानी गर्ने प्रयोजनका लागि बैंकहरु र राष्ट्रिय स्तरका विकास बैंकहरुले विदेशी मुद्राको भुक्तानी गर्न वार्षिक अधिकतम अमेरिकी डलर ५०० वा सो बराबरको परिवर्त्य विदेशी मुद्राको Prepaid Card जारी गरी विदेशी मुद्रा सटही सुविधा प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ ।

५२. Documents Against Payment (DAP) र Documents Against Acceptance (DAA) सम्बन्धी व्यवस्थाबमोजिम आयात गर्दा एक पटकमा अधिकतम अमेरिकी डलर एक लाख वा सो बराबरको परिवर्त्य विदेशी मुद्राको आयात गर्न सकिने व्यवस्था गरिएको छ ।

५३. कोभिड-१९ को कारण व्यवसाय प्रभावित भई परिवर्त्य विदेशी मुद्रामा लिएको ऋणको किस्ता विदेशी मुद्रामा भुक्तानी गर्न कठिनाई भएको अवस्थामा सम्बन्धित फर्म/कम्पनी/उद्योगले नेपाली रुपैयाँमा भुक्तानी गर्न सक्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

५४. बैंक तथा वित्तीय संस्था एवम् विप्रेषण सेवा प्रदायक कम्पनीले विद्युतीय माध्यमबाट नेपालमा विप्रेषण भित्र्याउन सक्ने र नेपालमा भुक्तानी सेवा प्रदायक संस्थाबाट विद्युतीय भुक्तानी

उपकरणहरू (मोवाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, इलेक्ट्रोनिक कार्ड, वालेट आदि) मार्फत स्वदेशी मुद्रामा भुक्तानी प्रदान गर्न सक्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

५५. कोभिड-१९ विरुद्धको खोपको उत्पादन तथा वितरणमा भएको प्रगति र विश्वका अधिकांश मुलुकहरुले शीघ्र आर्थिक पुनरुत्थानका लागि अवलम्बन गरेका कार्यक्रमहरुको प्रभावस्वरुप विश्व अर्थतन्त्र सुधारोन्मुख दिशातर्फ अघि बढेको छ । तथापि, कोभिड-१९का नयाँ चरणका संक्रमणहरुका कारण विश्व अर्थतन्त्रको पुनरुत्थानमा अनिश्चितता देखिएको छ ।

५६. सन् २०१९ मा २.८ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२० मा ३.३ प्रतिशतले संकुचन भएको अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ । सन् २०२१ मा भने विश्व अर्थतन्त्र ६.० प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ ।

तालिका ६: विश्व अर्थतन्त्रको वृद्धिदर

अर्थतन्त्र	२०१९	२०२०	२०२१
विकसित मुलुकहरू	**१.६**	**-४.७**	**५.१**
युरो क्षेत्र	१.३	-६.६	४.४
उदीयमान तथा विकासशील मुलुकहरू	३.६	-२.२	६.७
लेटिन अमेरिका तथा क्यारेबियन	०.२	-७.०	४.६
मध्य पूर्व तथा मध्य एशिया	१.४	-२.९	३.७
सब-सहारन अफ्रिका	३.२	-१.९	३.४
न्यून आय भएका विकासशील मुलुकहरू	५.३	०.०	४.३
विश्व अर्थतन्त्र	**२.८**	**-३.३**	**६.०**

स्रोत : अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२१

५७. सन् २०१९ मा १.६ प्रतिशतले वृद्धि भएको विकसित मुलुकहरूको अर्थतन्त्र सन् २०२० मा ४.७ प्रतिशतले संकुचन भएको कोषको अनुमान छ । यसैगरी, उदीयमान तथा विकासशील अर्थतन्त्र सन् २०१९ मा ३.६ प्रतिशतले वृद्धि भएकोमा सन् २०२० मा २.२ प्रतिशतले संकुचन हुने अनुमान छ । सन् २०२१ मा विकसित मुलुकहरूको अर्थतन्त्र ५.१ प्रतिशत र उदीयमान तथा विकासशील मुलुकहरूको अर्थतन्त्र ६.७ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण रहेको छ ।

५८. छिमेकी मुलुक चीनको अर्थतन्त्र सन् २०१९ मा ५.८ प्रतिशतले विस्तार भएकोमा सन् २०२० मा २.३ प्रतिशतले वृद्धि भएको अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ । भारतीय अर्थतन्त्र सन् २०१९ मा ४.० प्रतिशतले विस्तार भएकोमा सन् २०२० मा ८.० प्रतिशतले संकुचन भएको कोषको अनुमान छ । सन् २०२१ मा चीनको आर्थिक वृद्धिदर ८.४ प्रतिशत तथा भारतको आर्थिक वृद्धिदर १२.५ प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

५९. विकसित मुलुकहरूको मुद्रास्फीति सन् २०१९ मा १.४ प्रतिशत तथा सन् २०२० मा ०.७ प्रतिशत रहेकोमा सन् २०२१ मा १.६ प्रतिशत रहने कोषको प्रक्षेपण छ । उदीयमान तथा

विकासशील मुलुकहरूको मुद्रास्फीति सन् २०१९ मा ५.१ प्रतिशत तथा सन् २०२० मा ५.१ प्रतिशत रहेकोमा सन् २०२१ मा ४.९ प्रतिशत रहने प्रक्षेपण छ ।

६०. कोभिड-१९ का कारण सन् २०२० मा विश्व व्यापार आयतन ८.५ प्रतिशतले संकुचन भएकोमा सन् २०२१ मा ८.४ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ ।

आर्थिक तथा मौद्रिक परिदृश्य

६१. आर्थिक वर्ष २०७७/७८ को नौ महिनासम्म अर्थतन्त्र सुधारोन्मुख दिशामा अघि बढेको भएतापनि कोभिड-१९ को दोस्रो लहरको संक्रमण नियन्त्रण गर्न धेरै स्थानहरुमा अवलम्बन गर्नुपरेको निषेधाज्ञाका कारण अनुमानित ४ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न समेत चुनौतीपूर्ण हुने देखिन्छ ।

६२. चालु आर्थिक वर्षको चैतसम्म विप्रेषण आप्रवाह संतोषजनक रहेतापनि विश्वव्यापी रुपमा कोभिड-१९ को नयाँ स्वरुपमा दोस्रो लहर फैलिएको र विगत एक वर्षभन्दा बढी समयसम्म वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या बढ्न नसकेकोले विप्रेषण आप्रवाहको वृद्धि कायम रहनु चुनौतिपूर्ण छ । पछिल्ला महिनाहरुमा आयातको विस्तार हुन थालेकोले शोधनान्तर बचतको मात्रा घट्दै गएको छ । तर, पुनः बन्दाबन्दीको स्थिति सिर्जना भएकोले स्वास्थ्यजन्य वस्तु बाहेकको आयात प्रभावित हुने देखिन्छ । फलस्वरुप, शोधनान्तर बचत केही कमी हुँदै जान सक्ने सम्भावना रहेपनि चालु आर्थिक वर्षको अन्त्यसम्म विदेशी विनिमय सञ्चिति लक्षित तहभन्दा माथि नै रहने अनुमान रहेको छ ।

६३. चालु आर्थिक वर्षको तेस्रो त्रयमाससम्म मुद्रास्फीति दर नियन्त्रित अवस्थामा रहेतापनि पछिल्लो समयमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य वृद्धि हुन थालेको, भारतको मूल्य वृद्धि नेपालको भन्दा केही उच्च रहेको र नेपाली रुपैँया अवमूल्यन हुँदै गएको कारण आगामी दिनमा मुद्रास्फीतिमा केही चाप पर्ने स्थिति छ । तापनि, आन्तरिक माग शिथिल रहेको र आपूर्ति व्यवस्थापन सहज नै रहेकोले चालु आर्थिक वर्षमा मुद्रास्फीति लक्षित सीमा भित्र रहने देखिन्छ ।

६४. कोभिड-१९ को पहिलो लहरको प्रभावलाई नियमनकारी नीतिगत सहजताले गर्दा बैकिङ्ग क्षेत्रले व्यवस्थापन गर्न सकेको थियो । तर, कोभिड-१९ को दोस्रो लहरको कारण अवलम्बन गरिएको बन्दाबन्दीले आर्थिक गतिविधिहरु पुनः प्रभावित भई बैकिङ्ग क्षेत्रपनि प्रभावित हुने सम्भावना रहेको छ । पछिल्ला महिनाहरुमा बैकिङ्ग क्षेत्रबाट निजी क्षेत्रमा जाने कर्जा उत्साहजनक ढंगले बढेकोमा पुनः शिथिलतातर्फ जाने देखिन्छ । तापनि, चालु आर्थिक वर्षको बाँकी अवधिमा मौद्रिक नीतिको शुरुको लक्ष्य भन्दा बढी नै कर्जा विस्तार हुने देखिन्छ ।

६५. कोभिड-१९ को पहिलो लहर शुरु भएदेखि कर्जाको माग घटेको तर लचिलो मौद्रिक नीतिका कारण तरलता प्रवाह बढेको हुनाले निक्षेप तथा कर्जाको व्याजदरहरु घट्दै गएका छन् ।

कर्जाको व्याजदरमा आएको कमीले गर्दा पछिल्ला महिनाहरुमा कर्जाको माग बढाउन सहयोग पुगेको छ । कर्जा माग उल्लेख्य ढंगले बढ्दा २०७७ चैत महिनापछि बैकिङ्ग क्षेत्रको तरलतामा कमी आइ अल्पकालीन व्याजदरहरु केही बढ्न गएका छन् । यसले गर्दा आगामी दिनमा कर्जा तथा निक्षेपको व्याजदर बढ्ने संकेत देखिएतापनि हालै गरिएको बन्दाबन्दीले नयाँ कर्जाको मागमा कमी आइ बैकिङ्ग क्षेत्रको तरलता र व्याजदरहरु सामान्य रहने देखिन्छ ।

मौद्रिक नीतिको कार्यदिशा

६६. कोभिड–१९ ले थलिएको अर्थतन्त्र पूर्ण रुपमा पुनरुत्थान नहुँदै यसको दोस्रो लहरले मानव जीवन एवंम् अर्थतन्त्र थप आक्रान्त हुन थालेकोले मौद्रिक सहजता र पुनरुत्थान लक्षित कार्यक्रमहरुलाई निरन्तरता दिदै यसबाट वित्तीय स्थायित्वमा जोखिम आउन नदिने तर्फ पनि सजगता अपनाइने छ ।

६७. मूल्य एवम् वाह्य क्षेत्र स्थायित्व संतोषजनक रहेको परिप्रेक्ष्यमा आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र आर्थिक पुनरुत्थानको लागि वित्तीय साधनको उपलब्धतालाई सहजीकरण गरी आर्थिक वृद्धिमा सहयोग पुऱ्याउन मौद्रिक नीतिको विद्यमान कार्यदिशालाई निरन्तरता दिइनेछ ।

६८. कोभिड-१९ महामारीको उपचारमा सहजता ल्याउन यससँग सम्बन्धित वस्तु तथा उपकरणहरु आयात, उत्पादन तथा वितरण गर्ने कार्यतर्फ कर्जा प्रवाह प्रोत्साहित गरिनेछ ।

मौद्रिक तथा वित्तीय उपायहरू

६९. मौद्रिक नीतिको उपर्युक्त कार्यदिशाअनुरुप विद्यमान अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात, बैंकदर र व्याजदर कोरिडोरका व्यवस्थाहरु यथावत् राखिएको छ ।

७०. नेपालमा हाल सञ्चालनमा रहेका स्वास्थ्य सेवा प्रदायक संस्था, अस्पताल वा उद्योगहरुलाई लिक्विड अक्सिजन प्लाण्ट वा अक्सिजन प्लाण्ट स्थापना गर्ने प्रयोजनको लागि कर्जा माग भएमा बैंक तथा वित्तीय संस्थाहरुले आधार दर (Base Rate) मा नै कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

७१. नेपालमा हाल सञ्चालनमा रहेका स्वास्थ्य सेवा प्रदायक संस्था, अस्पताल वा उद्योगहरुलाई लिक्विड अक्सिजन प्लाण्टको लागि रु ५० करोडसम्म तथा अक्सिजन प्लाण्ट स्थापना गर्ने प्रयोजनको लागि रु २० करोडसम्मको कर्जालाई एक वर्षको लागि विशेष पुनरकर्जा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

७२. ब्याज पुँजीकरणको लागि यस बैंकबाट स्वीकृती प्राप्त गरिसकेका विद्युत परियोजनाहरुको Required Commercial Operation Date परिवर्तन भएमा सो अबधिको ब्याज पुँजीकरण गर्न यस बैंकको स्वीकृति आवश्यक नपर्ने व्यवस्था गरिने छ ।

७३. कोभिड-१९ संक्रमण न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञा अवधिभर बैंक तथा वित्तीय संस्थाहरुले ग्राहकबाट कर्जा असुलीमा कुनैपनि प्रकारको पेनाल्टी वा अतिरिक्त शुल्क लिन नपाउने व्यवस्था मिलाइने छ ।

७४. कोभिड-१९ संक्रमण न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञा अवधिभर र सो अवधि समाप्त भएको एक महिनासम्म बैंक तथा वित्तीय संस्थाले कुनै पनि प्रकारको असुली सम्बन्धी सूचना वा लिलामी सम्बन्धि सूचना जारी गर्न नपाउने व्यवस्था मिलाइने छ ।

७५. कोभिड-१९ संक्रमण न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञा अवधिभर म्याद समाप्त भएका मुद्दति निक्षेपको नवीकरण, जमानत तथा प्रतितपत्रको नवीकरण र कर्जाको नवीकरण सम्बन्धित ग्राहकको अनुरोधमा बैंक तथा वित्तीय संस्थाले गर्न सक्ने व्यवस्था मिलाइने छ ।

७६. निषेधाज्ञाको अवधिमा कर्जाको किस्ता वा व्याज भुक्तानी गर्ने ग्राहकलाई छुट प्रदान गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

७७. बैंक तथा वितीय संस्थाहरुले प्रवाह गर्ने कर्जामध्ये शेयरको धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको सुरक्षण बापत् शेयरको मूल्याङ्कन गर्दा पछिल्लो १८० दिनको अन्तिम मूल्यको औसत मूल्य वा प्रचलित बजार मूल्य मध्ये जुन कम हुन्छ सोको आधारमा गणना गर्ने व्यवस्था मिलाई उक्त मूल्यको ७० प्रतिशतसम्म कर्जा प्रवाह गर्न सक्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

७८. बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप र कर्जाको व्याजदर परिवर्तन सम्बन्धी जानकारी सम्बन्धित ग्राहकलाई विद्यतीय माध्यमबाट तत्काल उपलब्ध गराउनु पर्ने व्यवस्था मिलाइने छ।

७९. कोभिड-१९ बाट विकासित भएको असहज परिस्थितिलाई मध्यनजर गरी ग्राहक पहिचान अद्यावधिक नभएको कारण निष्क्रिय भएका बैक खाताको हकमा बैंक तथा वित्तीय संस्थाले बिद्युतीय माध्यमबाट समेत ग्राहक पहिचान अद्यावधिक गरी त्यस्ता खाता सुचारु गर्न सकिने व्यवस्था मिलाइने छ ।

८०. बैंक तथा वित्तीय संस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत छुट्याएको कोषको रकम जीवन रक्षा, सार्वजनिक हित तथा परोपकारी कार्यलाई प्राथमिकता दिनेगरी त्यस्तो योगदान देशभर नै उपलब्ध हुने व्यवस्था मिलाइने छ । हालको विषम परिस्थितिलाई दृष्टिगत गरी बैंक तथा वित्तीय संस्थाले उक्त कोषको रकम अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, जीवन रक्षक भ्याक्सिन, औषधी आदि कार्यमा खर्चगर्न सक्ने व्यवस्था मिलाइने छ । त्यसैगरी, राष्ट्रिय महत्वका आविष्कार केन्द्र तथा मानव सेवा जस्ता परोपकारी कार्यमा गरेको खर्च समेत उक्त कोषबाट हुने खर्चमा गणना गर्न सकिने व्यवस्था मिलाइने छ ।

८१. भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतीपत्र प्राप्त संस्थाहरुको प्रभावकारी अनुगमनका लागि भुक्तानी प्रणाली सम्बन्धी निरीक्षण तथा सुपरिवेक्षण विनियमावली र कार्यविधि जारी गरिनेछ ।

८२. वित्तीय साक्षरता अभिवृद्धिको लागि चेतनामुलक कार्यक्रम निर्माण गरी प्रसारण गरिने छ ।

अन्त्यमा

८३. आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा प्रतिवेदन तयार गर्न आवश्यक सुझाव, तथ्यांक तथा विवरण उपलब्ध गराई सहयोग पुऱ्याउने सबैमा नेपाल राष्ट्र बैंक धन्यबाद ज्ञापन गर्दछ । साथै, मौद्रिक नीतिको कार्यान्वयनमा सदा झैं सबैको सहयोग रहने यस बैंकको विश्वास रहेको छ ।

२०७८ जेठ ४ गते ।